घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ३६ औं बैठक**

मिति २०७६/०४/०७

<u>निर्णयहरु</u>

१. मिति २०७६/०४/०७ गते गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा बसेको बैठकले तय गरेको यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०७६/७७ को दररेटलाई अनुमोदन गर्ने ।

२. यस गाउँपालिका अन्तर्गत रहेका सबै विद्यूतका काठेपोलहरूलाई स्टिल पोलहरूले प्रतिस्थापन गर्नको लागि प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पोखराबाट पत्राचार गरी माग भई आए बमोजिमको विवरण सबै वडा कार्यालयहरूबाट यहि साउन महिनाको १० गते सम्ममा गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

३. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पोखराले खानेपानी नपुगेका स्थानीय तहहरुबाट निवेदन माग गरेको सम्बन्धी सूचना बैठकमा पेश गरियो र यस गाउँपालिका अन्तर्गत न्यूनतमः खानेपानीको सुविधा नपुगेका क्षेत्रहरूलाई खानेपानी उपलब्ध गराउन सबै वडा कार्यालयहरूले तत् सम्बन्धी विववरण उल्लेख गरी यही साउन महिनाको १५ गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिससाथ लेखि पठाउने ।

४. यस गाउँपालिका अन्तर्गत रहेको जनहित माध्यमिक विद्यालयले उसको कक्षा ११ मा जनसंख्या विषय अध्यापन गराउन अनुमति माग भई आएकोमा सो विषय अध्यापन गराउनको लागि अनुमति प्रदान गर्ने ।